नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ३८८

मिति: २०८०/११/०२

श्री स्थानीय तहहरु (सवै)

विषय :- समन्वय/सहजिकरण सम्बन्धमा।

गृह मन्त्रालयको च.नं. १७ मिति २०८०/११/०१ को पत्रानुसार महिला, शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषाद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/०८०-२०८१/०८२ कार्यान्वयन सन्दर्भमा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीको संयोजकत्वमा मिति २०८०/१०/२२ गते बसेको बैठकको निर्णय नं. ५ को कार्यान्वयनको व्यवस्था तथा स्थानीय तहको मुख्य जिम्मेवारी तोकिएको कृयाकलापहरुको हालसम्मको प्रगति विवरण उपलव्ध गराउन आवश्यक समन्वय / सहजीकरणको लागि लेखिआएको हँदा सक्कल कागजात पाना १३ (तेह्र) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

वोधार्थ :

श्री गृहमन्त्रालय मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेब साईटमा बपलोड गरिदिनु हुन तथा सबै स्थानीय तहमा ईमेल गरी दिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति प्रवर्द्धन शाखा)

संघीय मा.म.

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २९३२
दर्ता मितिः- ११/२
२०८०।११।१२
चलानी ९२६९

पत्र संख्याः- ०८०।८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ९६

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः २०८०।११।०१
ने.सं:११४४ सिल्लाध्व,४ मंगलवार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

<u>विषयः समन्वय/सहजीकरण सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा महिला, शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९/८०-२०८१/८२) कार्यान्वयनमा रहेको व्यहोरा अवगत नै छ। उक्त दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि गठित राष्ट्रिय निर्देशक समितिको माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीको संयोजकत्वमा मिति २०८०।१०।२२ गते बसेको बैठकको निर्णय नं ५ को कार्यान्वयनको व्यवस्था तथा स्थानीय तहको मुख्य जिम्मेवारी तोकिएका क्रियाकलापहरुको हालसम्मको प्रगति विवरण उपलब्ध गराउन आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन तपसिल बमोजिमको विवरण संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ । साथै दोस्रो राष्ट्रिय कार्ययोजनाको स्क्यान कपी यस मन्त्रालयको वेभसाईट https://www.moha. gov.np/page/national action plan मा रहेको व्यहोरा समेत अनुरोध छ।

<u>तपसिल</u>

३. बैठकको निर्णयको छायाँप्रति पाना एक
४. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चौमासिक प्रगति विवरणको ढाँचा

<u>सादर अवगतार्थ</u>

१. माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यू, गृह मन्त्रालय, सिंहदरबार।
२. श्रीमान् सचिवज्यू, गृह मन्त्रालय सिंहदरबार।

(स्किम श्रेष्ठ)
सहसचिव

स्थानीय तह समन्वय शाखा

सँग स्थानीय तह समन्वय …

११/२

नेपाल सरकार
गृह मन्त्रालय

- **बैठकको एजेन्डा**
  १. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।
  २. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी स्थानीय तहको लागि नमुना कार्यविधि सम्बन्धमा
  ३. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा
  ४. विविध

**निर्णयहरु**

१. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा सरोकारवाला निकायहरुले चालु आर्थिक वर्षमा कार्यान्वयन हुन सक्ने कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्ने र यस आर्थिक वर्षमा समावेश हुन नसकेका कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेटमा समावेश गर्नका लागि सम्बन्धित निकायमा पत्रचार गर्ने।

२. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी **स्थानीय तहका लागि नमुना कार्यविधि** राष्ट्रिय समन्वय सचिवालयले तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने।

३. दोस्रो राष्ट्रिय कार्ययोजनामा मुख्य जिम्मेवारी तोकिएका सबै निकायरुलाई चौमासिक प्रगति विवरण राष्ट्रिय समन्वय सचिवालयलाई नियमित रुपमा पठाउन अनुरोध गर्ने।

४. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि **प्रदेश निर्देशक समिति** गठन गरी दोस्रो राष्ट्रिय कार्ययोजनामा जिम्मेवारी तोकिएका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्न एवम् आगामी आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउन सबै प्रदेश सरकारको गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत अनुरोध गर्ने।

५. दोस्रो राष्ट्रिय कार्ययोजना **कार्यान्वयन स्थानीय समिति गठन** हुन बाँकी स्थानीय तहहरुलाई सो समिति गठन गरी दोस्रो राष्ट्रिय कार्ययोजनामा जिम्मेवारी तोकिएका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्न एवम् आगामी आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउन सबै स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका सघं, गाउँपालिका राष्ट्रिय महासंघ मार्फत अनुरोध गर्ने।

| सि.नं. | जिम्मेवार निकाय | क्रियाकलापहरु (संख्या ४५) | हालसम्मको प्रगति विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला समन्वय समिति (जम्मा क्रियाकलाप संख्या-१) | ३.१.१.१ द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित महिला र बालिकाको विशेष आवश्यकतानुसार स्वास्थ्य सेवाका कार्यक्रमहरु सञ्चालन गर्ने। | | |
| २. | स्थानीय तह (जम्मा क्रियाकलाप संख्या-४४) | १.१.२ तीनै तहका सरकार, राजनीतिक दल, सुरक्षा निकाय, सरकारी कर्मचारी र कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्य सरोकारवालाहरूलाई महिला, शान्ति र सुरक्षाका विषयहरू सम्बोधन गर्न सचेतनामूलक तथा अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्ने। | | |
| | | १.१.३ संघ,प्रदेश र स्थानीय तहका महिला जनप्रतिनिधिहरुको समतामूलक, समानुपातिक, समानुपातिक, समाबेशी र अर्थपुर्ण सहभागिताका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | | |
| | | १.१.३.१ द्वन्द्व पीडित तथा प्रभावित महिला एवं बालिकाको नेतृत्व विकास सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| | | १.१.३.२ सत्य, न्याय, परिपूरण लगायतका सवालमा द्वन्द्व पीडित तथा प्रभावित महिलाहरुको विषयगत ज्ञान र क्षमता अभिवृद्धिका लागि विषयगत तालिम तथा कार्याशाला सञ्चालन गर्ने ।। | | |
| | | १.१.३.३ द्वन्द्व प्रभावित महिला,बालिका र पूर्व लडाकुको क्षमता अभिवृद्धि गरी महिला शान्ति सहजकर्ताको भूमिकामा आवश्यकता अनुसार परिचालन गर्ने। | | |
| | | २.१.१ द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकता पहिचान गरी सो को सम्बोधनका लागि योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। | | |
| | | २.२.१ लैङ्गिक तथा यौनजन्य हिंसा पीडित बालिका तथा महिलाको सुरक्षा अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| | | २.२.१.१ स्थानीय तहमा किशोरीहरूको आत्मबल वृद्धि गर्न आत्मरक्षा तालिम कार्यक्रम सञ्चालन गर्ने। | | |
| | | २.२.१.२ स्थानीय तहको कम्तीमा एउटा विद्यालयमा लैङ्गिक हिंसा रोकथामका लागि सचेतना तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने। | | |
| | | २.२.१.३ कानुनी सचेतना, महिला तथा बाल अधिकारलगायत लैङ्गिक हिंसा निवारण कोष, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र जस्ता सेवासम्बन्धी निकायहरूको सूचना र जानकारीहरू स्थानीय भाषाहरूमा प्रचारप्रसार गर्ने। | | |
| | | २.३.१. शैक्षिक संस्थाको पाठ्यक्रममा मानवअधिकार, बाल अधिकार, महिला अधिकार र कानूनी साक्षरतासम्बन्धी समसामयिक विषय समावेश गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| | | २.३.४.१ पीडित मैत्री कक्षबाट प्रदान गरिने सेवाको सुदृढीकरण तथा प्रचारप्रसार गर्ने। | | |
| | | २.३.५ स्वास्थ्य सेवा, आश्रय गृह र घटना दर्ता तथा सुनुवाईका लागि हाल सञ्चालित कार्यक्रमको सुदृढीकरण गरी द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलालाई गुणस्तरीय सेवा प्रदान गर्ने। | | |
| | | २.३.५.१ सरकारी अस्पतालमा स्थापित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने। | | |
| | | २.३.५.२ आश्रय गृहको सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| | | ३.१.१ द्वन्द्वका समयमा लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरुको विशेष आवश्यकता पहिचान गरी शिक्षा एवं स्वास्थ्य सेवा र आर्थिक सशक्तीकरणका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने। | | |
| | | ३.१.१.१ द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित महिला र बालिकाको विशेष आवश्यकतानुसार स्वास्थ्य सेवाका कार्यक्रमहरु सञ्चालन गर्ने। | | |
| | | ३.१.२ द्वन्द्व प्रभावित महिला र बालिका तथा उनीहरूका परिवारका सदस्यका लागि "Post Traumatic Stress Disorder" विषयमा मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालन गर्ने। | | |
| | | ३.१.३ द्वन्द्व प्रभावित महिला र बालिकाका अनुभूति आदानप्रदान गर्न अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ३.१.४ द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाका विशेष आवश्यकता पहिचान गरी दीर्घकालीन तथा अल्पकालीन जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्ने। | | |
| | | ३.१.४.१ स्थानीय तहको वार्षिक कार्यक्रममा द्वन्द्वका समयमा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाको आर्थिक सशक्तीकरणका कार्यक्रम समावेश गर्ने। | | |
| | | ३.१.४.२ स्थानीय तहमा द्वन्द्व प्रभावित महिलाका लागि आयआर्जनमूलक व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने। | | |
| | | ३.१.४.३ द्वन्द्व प्रभावित महिलाहरूलाई उद्योगहरुमा आवश्यक पर्ने सीप समेत समावेश गरी सीपमूलक तालिम प्रदान गर्ने र निजहरूलाई व्यवसाय सञ्चालनका लागि बीउ पुँजी, बिना धितो ऋण वा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सहजीकरण गर्ने। | | |

नेपाल सरकार

| | | | | |
|---|---|---|---|---|
| | | ३.१.४.६ सीपमूलक तालिम प्राप्त गरेकाहरूलाई रोजगारीका निमित्त रोजगारदाताहरूसँग सम्पर्क तथा समन्वय स्थापित गराउने। | | |
| | | ३.१.४.७ सीपमूलक तालिम प्राप्त गरी व्यवसाय गर्नेहरूका लागि अवलोकन भ्रमणको व्यवस्था गर्ने। | | |
| | | ३.१.६ द्वन्द्वको कारण शिक्षाबाट वञ्चित भएका महिला तथा उनीहरूका परिवारका सदस्यलाई औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूमा आबद्ध गर्ने । | | |
| | | ३.१.७ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित महिला र निजका परिवारका सदस्यलाई प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूमा आबद्ध गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ३.२.१ द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिला, बालिका, पूर्व महिला लडाकुहरूलाई परिवार तथा समाजमा पुनःस्थापना गर्ने वातावरण सिर्जनाका लागि पारिवारिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्ने । | | |
| | | ३.२.१.१ स्थानीय रेडियोबाट सचेतनामूलक कार्यक्रमहरू प्रसारण गर्ने। | | |
| | | ३.२.१.२ द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिलाका परिवारका सदस्यहरूलाई लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | |
| | | ३.२.१.३ द्वन्द्व प्रभावित महिलाहरूका लागि स्थानीय करहरूमा छुटको व्यवस्था गर्न सहजीकरण गर्ने । | | |

| | | | | |
|---|---|---|---|---|
| | | ३.२.१.४ द्वन्द्वका बहुआयामिक प्रभाव र असरहरू प्रतिबिम्बित हुने गरी महिला तथा बालिकाहरूको सम्झनामा स्थानीय तहमा द्वन्द्व प्रभावित महिला सञ्जालहरूसँगको सहकार्यमा स्मृतिका कार्यक्रमहरू सञ्चालन गर्ने। | | |
| | | ३.२.१.५ द्वन्द्व प्रभावित महिलाको वास्तविक जीवन कथालाई डिजिटल डकुमेन्ट्री निर्माण र कलात्मक तथा नाट्य प्रस्तुतिमार्फत अभिलेख गरी प्रचारप्रसार गर्ने। साथै पीडितको पहिचान गोप्य राख्ने। | | |
| | | ४.१.१ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा क्षमता अभिवृद्धिका क्षेत्रहरू पहिचान गरी वार्षिक र अर्ध वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने। | | |
| | | ४.१.१.१ क्षमता अभिवृद्धिका कार्ययोजना तयार गर्ने। | | |

नेपाल सरकार गृह मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | | ४.१.१.२ योजनाले पहिचान गरेका क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई सबै शासकीय तहका वार्षिक योजनामा समावेश गरी बजेट विनियोजन गर्ने। | | |
| | | ४.१.२ कार्ययोजना कार्यान्वयनका असल अभ्यास र अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने । | | |
| | | ४.१.३ द्वन्द्व प्रभावित महिला र बालिकाहरूको समष्टिगत आवश्यकता पहिचान उपसमितिका सदस्यहरूको क्षमता अभिवृद्धिका तालिमहरू सञ्चालन गर्ने । | | |
| | | ४.२.१ राष्ट्रिय कार्ययोजना अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउने। | | |
| | | ४.२.१.१ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त कार्य प्रगति सम्बन्धी सूचनाहरू राष्ट्रिय अनुगमन प्रणालीमा आवद्ध गरिने। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ४.२.१.२ चौमासिक, अर्धवार्षिक र वार्षिक अनुगमन प्रणालीलाई क्रियाशील गरी यसलाई राष्ट्रिय निर्देशक समिति र कार्ययोजना कार्यान्वयन प्रदेश निर्देशक समितिको बैठकमा समीक्षा गर्ने। | | |
| | | ४.२.१.३ अनुगमन तथा मूल्याङ्कनबाट आएका निष्कर्षहरू/कार्ययोजना कार्यान्वयनसम्बन्धी वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिकीकरण गर्ने | | |
| | | ४.२.१.४ वर्षको एकपटक बुलेटिन प्रकाशन गर्ने। | | |
| | | ४.२.१.५ आवश्यकता अनुसार जानकारी पुस्तिका, ब्रोशर प्रकाशन गर्ने। | | |